# प्रदेश आर्थिक कार्यविधि ऐन (पहिलो संशोधन) अध्यादेश, २०७७

प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश

# प्रदेश आर्थिक कार्यविधि ऐन (पहिलो संशोधन) अध्यादेश, २०७७

<u>प्रमाणीकरण र प्रकाशन मिति</u>
२०७७।०२।०२

## सम्वत् २०७७ सालको अध्यादेश नं. ०२

## <u>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

**<u>प्रस्तावना</u>**: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लाई तत्काल समसामयिक संशोधन गर्न आवश्यक परेकोले र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यस अध्यादेशको नाम "प्रदेश आर्थिक कार्यविधि ऐन (पहिलो संशोधन) अध्यादेश, २०७७" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा संशोधन</u>**: प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ को उपदफा (१) र (२) मा भएको “एक महिना” भन्ने शब्दहरुको सट्टा “पन्ध्र दिन” भन्ने शब्दहरु राखिएका छन्।

आन्तरिक मामिला तथा कानून मन्त्रालय,बागमती प्रदेश